सिदिङ्वा गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड | संख्या. | मितिः २०८१।१२।०५ |
|---|---|---|

**भाग-२**

## सिदिङ्वा गाउँपालिका

# सिदिङ्वा गाउँपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८१

आज्ञाले,

तिवेन्द्र अधिकारी

कार्यालय प्रमख

# सिदिङ्वा गाउँपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकको सुनिश्चितता गर्न वाञ्छनिय भएकाले सिदिङ्वा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाइ लागु गरेको छ ।

**१. संक्षिप्त नाम रप्रारम्भः**

(१) यस कार्यविधिको नाम "सिदिङ्वा गाउँपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"गाउँपालिका"** भन्नाले सिदिङ्वा गाउँपालिका सम्झनु पर्दछ ।

(ख) **"गाउँ सभा"** भन्नाले सिदिङ्वा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ग) **"संविधान"** भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

(घ) **"वडा"** भन्नाले सिदिङ्वा गाउँ पालिका अन्तर्गतका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(ङ) **"स्वास्थ्य संस्था"** भन्नाले सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिका कार्यालय मातहत रहेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) **"अध्यक्ष"** भन्नाले सिदिङ्वा गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) **"उपाध्यक्ष"** भन्नाले सिदिङ्वा गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिदिङ्वा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) **"सामाजिक सुरक्षा कोष"** भन्नाले सङ्घीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ ।

(ञ) **"करारका कर्मचारी"** भन्नाले सिदिङ्वा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ट) **"रोजगारदाता"** भन्नाले रोजगारी सिर्जना गर्ने कार्यालय सिदिङ्वा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ठ) **"योगदानकर्ता"** भन्नाले सिदिङ्वा गाउँपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**३. <u>जिम्मेवारी र उत्तरदायित्वः</u>**

(१) गाउँपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउदै लैजानु सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ ।

(२) गाउँ कार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई वार्षिक रुपमा सामाजिक सुरक्षा कोषमा व्यवस्थापन गर्न आवश्यक पर्ने बजेटका लागि रोजगारदाताको तर्फबाट बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँसभाबाट विनियोजित गराउनु पर्नेछ ।

(३) सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिका कार्यालय मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात स्वतः लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ ।

## ४. समिति गठनः

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गरी आबद्ध गराउन देहायबमोजिमको समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य सचिव

## ५. समितिको काम, कर्तव्य र अधिकारः

उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) गाउँपालिकामा निरन्तर ६ महिना वा सो समय भन्दा बढी समय सेवा अवधी कार्य गरेका करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध वा सूचीकृत गर्न संख्याको यकिन गर्ने ।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्धता गराउने ।

(ग) अनलाईन माध्यमबाट गाउँ कार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सूचीकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्न अन्य आवश्यक समन्वयात्मक कार्य गर्ने ।

६.<u>अनुगमन तथा मूल्याङ्कनः</u>

(ङ) कार्यविधिले तोकेबमोजिमको कामकाज सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

७. <u>थपघट, हेरफेर वा संशोधनः</u>

गाउँसभा/कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

८. <u>बाधा अड्काउ फुकाउ :</u>

यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूल मर्म प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।